## नेपाल मगर सँघ सँग आबद्ध नेपाल बाहिर रहेका सँस्थाहरुले आम मगरहरुको विकासमा खेल्न सक्ने भूमिका

केशर जङ्ग बराल, पिएचडी

नेपालका आदिवासी मध्ये जनसँख्याको आधारमा पहिलो र नेपालको कूल जनसँख्यामा तेस्रो स्थान ओगटेका हामी मगरहरु विशेष गरेर दोस्रो विश्वयूद्ध काल देखि बाध्यताले वा लहरले विदेशिएका छौं । अधिकाँश हामी बाध्यतावस विदेशमा काम गरी राख्न परेको छ भने थोरै मात्रामा हामी स्वदेशमै सानातिना काम गरेर जिविका चलाउन सक्ने भएतापनि लहरले र अझ बढी धन कमाउने लालचाले विदेशिएका छौं । यति सम्मकि नेपालमा स्थायी सरकारी जागिर भएका पढेलेखेका यूवाहरु पनि धन कमाउनेलालचामा विदेशमा गएका उदाहरणहरु छन् । देश र जनताको सेवा गर्न अवसर पाउदा सम्म स्वदेशमै वस्नु पर्छ भन्ने मेरो धारणा हो । यसो भन्दा विदेशमा काम गरी राख्ने मगरहरुलाई चित्त दुख्न सक्छ । हामी स्वदेशमै वसी मातृभूमिको सेवा गरेमा निश्चित रुपमा आफ्नो स्थानबाट परेको अवस्थामा मगरहरुलाई अन्यायबाट वचाउन र उनीहरुलाई देशको परिस्थितीको वारेमा सचेत गराउन सक्छौं । हामी पुस्तौ देखि आफ्नै भूमिमा विरानोको विरानै छौं । त्यसैले हामी अगाडि बढ्नु छ भने लहरले विदेशिने प्रक्रियालाई रोकनु पर्दछ । त्यसको साथसाथै बाध्यतावस विदेशिएका मगरहरुले पनि विदेशमा शिपमूलक काममा लागी आफुले विदेशमा सिकेका शिपको आधारमा स्वदेशमै कामको थालनी गरी आफ्नै देशमा सम्मानजनक जिवन विताउने प्रयास गर्नु पर्दछ । यस्तो उदाहरणहरु धेरै छन् । मेरा एक जना विद्यार्थी जो बाध्यतावस विदेशिएको थियो । उ सँग नेतृत्वको गुण भएकोले वारम्बार स्वदेशमै बस्ने प्रोत्साहन गरी रहन्थे । तर उ जर्मनी पुग्यो । जर्मनबाट फर्क्यो अनि त्यहाँ जस्तो दुख गरे यहाँ पनि हुदोहोला नी दाई भन्यो । अनि उसले त्यहा आफुले भोगेका दुख र अनुभवको आधारमा पोखरामा व्यवसाय शूरु गर्‍यो । कहिले काही म जान्छु अनि सोध्छु– कस्तो छ भाई व्यवसाय? अनि भाईले भन्छ– दिनको कम्तिमा पनि तीन हजार बढीमा छ हजार सम्म आमदानी हुन्छ । हामी व्यवसायमा सँलग्न परिवारहरुको तलव कताएर महिनमा एक लाख जति आम्दानी हुन्छ दाई । मैले भन्दै जान्छु–श्री ५ को सरकारको सचिवको तलव, र नेपालको प्रोफेसरको तलव रु.१४,०००।- त हो नी । तिमीले त धेरै पो कमाउदो रहेछ । उ भन्दै जान्छ–तपाईहरुको अधिकार र इज्जत छ । त्यस्तै गरी म सँग आर्को उदाहरण पनि छ । पृथ्वीनारायण क्याम्पसको विद्यार्थीको नाता धेरै वर्ष देखि विश्व गुरुङ्ग म सँग परिचित थिए । उनी जापान गए र केही वर्ष पछि नेपालमा फर्के र उनले जापानमा गरेका मेहनत र दुखको वारेमा आत्मबृतान्त लेखे । एक दिन मेरो डेरामा आएर सल्लाह मागे– अव म के गरु सर? मैले सोधे–अव फेरी जापान नफर्कने? उनले भने–अव पुग्यो नेपालमै केही गरेर वसौं भनेको, त्यसैले सरले केही सल्लाह दिनु हुन्छ कि भनेर आएको । मैले भने– म सँग धेरै कुरा छन् । गर्न तयार हुनु पर्‍यो । तपाईको भाइले देशलाई घाटा पार्ने व्यापार गर्छ, अव तपाईले देशलाई र गरिवको आर्थिक अवस्था उठाउने काम गर्नुस, गर्न चाहानु हुन्छ? उनले मेरो कुरा सुने पछि सहर्ष रुपमा भने–के छ र सर त्यस्तो भन्नुस– भने । त्यस पछि म उनको परिवारिक र समाजिक परिवेशलाई सुहाउदा, र नेपालको प्राथमिक्ता भित्र परेको जडीबुटीको खेती गर्न सल्लाह दिएं । तत अनुरुप उनले सहकारी दर्ता गरी धम्पुसमा जडीबुटीको खेती थालेका छन् । बाध्यतावस विदेशिएका यी दुई यूवाहरु विदेशमा गएका शिक्षित यूवाहरुको लाीग राम्रो उदाहरण हुन् ।

नेपाल मगर सँघले अहिले पहिलो चरण–सँगठन निर्माण र विस्तार–पार गरिसकेको छ । अहिले विभिन्न देश–जापान, कोरिया, हङ्गकङ्ग आदि–मा कार्यरत मगरहरु नेपाल मगर सँघमा आवद्ध भैसकेका छन् । अव प्रश्न आउछ– यी विभिन्न देशमा स्थापना भएका मगर सँघले समग्र मगरहरुको विकासमा सँस्थागत रुपमा के कस्ता भूमिका निर्वाह गर्न सक्छ त? यस सन्दर्भमा यहाँ म चर्चा गर्न गैरहेकोछु ।

आज सम्मको क्रियाकलापलाई हेर्ने हो भने विदेशमा कार्यरत सँघसँस्थाहरुले मुख्यतया आफ्ना आफ्ना मातृ सँस्थाहरुलाई आर्थिक सहयोग गरेको पाइन्छ । तर मेरो विचारमा आर्थिक सहयोग मातृ सँस्थालाई निश्चित कार्यक्रम सँचालन गर्नको लागि क्षणिक किसिमको सहयोग मात्र मिल्दछ । त्यसैले विदेशमा कार्यरत मगर सँघले मगरको विकासको लीगि दूरगामी प्रभाव पर्ने किसिमका कार्यक्रम सँचालन गर्न नेपाल मगर सँघलाई सहयोग गर्नको साथसाथै स्वयम आफैले पनि यस्ता कार्यक्रमलाई अगाडि बढाउनु पर्दछ ।

सर्वप्रथमत विभिन्न देशमा कार्यरत मगर सँघले आफ्नो मातहतका मगरहरुलाई सकेसम्म तत्काल आर्थिक दृष्टिकोणले फाइदा हुने किसिमको नभए पनि पछि गएर फाइदा हुने किसिमका पेशामा सँलग्न हुनको लीगि सहयोग गर्नु पर्दछ । यस्ता काममा सँलग्न हुदा पछि देशमा फर्की आफुले सिकेको ज्ञान र शिपलाई प्रयोग गरी स्वदेशमै सम्मानित रुपमा पेशा गरी वस्ने वातावरण वन्न सक्दछ । किनभने आर्थिक विकासको लागि शिप र प्राविधिक ज्ञानको ठूलो भूमिका रहन्छ । तपाइहरु रारा चाउचाउ सँग त परिचित हुनुहुन्छ । यो चाउचाउ नेपालमा उत्पादन भएको पहिला तयारी चाउचाउ हो । नेपालमा तैयारी चाउ चाउ उद्योगको सोच ल्याउने तपाइहरु जस्तै विदेशमा कार्यरत एक नेपाली सिपाही हुन । यसै शिलशिलामा कोरिया १० वर्ष सम्म प्लाष्टि रिसाइकलिङ्ग उद्योगमा काम गरेर आएको एक जनालाई सोधे–यत्रो वर्ष काम गरेर आयौ । यहाँ प्लाष्टिक त्यसै खेर गएको छ अव प्लाष्टिक उद्योग चलाउ अव कति विदेशमा जान्छौ । तर उनले भने–खोइ काम त गरियो तर उत्पादन प्रक्रियाको पुरा ज्ञान छैन । त्यत्रो वर्ष काम गरियो, चाहेको भए कोरियनले पनि सिकाउथ्यो होला । त्यसैले विदेशमा कार्यरत मगर सँघले आफना मातहतका मगरहरुलाई शिपमूलक काममा सँलग्न हुन प्रेरित गराई सिकेको शिपलाइ स्वदेशमा प्रयोग गरी आफ्नो मालिक आफै हुने चेतना दिन सकेमा मगरहरु पछि गएर आर्थिक, सामाजिक र शैक्षिक रुपमा अगाडि बढी स्वदेशमै सम्मानजनक रुपमा जिवन विताउन सक्षम हुनेछन् ।

नेपाल मगर सँघको उद्देश्य मध्ये मगराँती लोक सस्कृतिको विकास र प्रवर्द्धन गर्नु पनि एक हो । लोक सँस्कृतिको विकास र प्रवर्द्धनमा विदेशमा अवस्थित नेपाल मगर सँघले ठूलो भूमिका खेल्न सक्दछ । यसको लागि सम्बन्धित देशमा मगराँती लोक सँस्कृतिको प्रर्दशनको व्यवस्था गरेर बिभिन्न देशमा मगर जातिको पहिचान दिन सक्दछ । यसको कारणले विदेशीहरुको ध्यान आक्रषण गरी मगराँत लोक संस्कृतिको प्रचार प्रसार गर्न सक्दछ । यसबाट मगराँती लोक संस्कृतिको प्रबर्द्धन हुनुको साथसाथै नेपालको पर्यटन उद्योगलाई पनि टेवा पुग्न सक्छ । त्यसैले मगराँती लोक संस्कृतिको प्रबद्धर्न र विकासलाई पर्यटन उद्योग सँग गासेर यसलाई व्यापारिकरण गर्ने सोंच पनि हामीले राख्नु पर्दछ ।

निश्चित रुपमा विदेशमा कार्यरत मगरहरुले स्वदेशको कुनाकाप्चामा बसोवास गर्दै आएका मगरहरु भन्दा बढी ज्ञान र अनुभव सँकलन गरेका हुन्छ । विदेशबाट नेपालमा आएको वेला आफ्नो छरछिमेकका गाउँघरमा आफुले गरेको अनुभवको आदानप्रदान गरी सामाजिक चेतना जगाउनको लागि सम्बन्धित देशको मगर सँघले स्वदेशमा फर्केका यूवाहरुलाई अभिप्रेरित गर्न सक्दछ ।

नेपाल मगर सँघले राखेको उद्देश्य मध्ये मगरहरुको भाषा, संस्कृति र इतिहांसको खोज गरी सही र सत्य कुरा मगरहरु विच राख्नु पनि एक हो । मगर सँस्कृति र भाषाको परिवेशमा हुर्केका मगर विद्वानहरुबाट नै अध्ययन र अनुसन्धान गराउन सकेमा सही रुपमा मगर भाषा, सँस्कृति र इतिहाँसको अध्ययन हुन सक्दछ । जब सम्म यस्ता विद्वानहरुबाट अध्ययन हुदैन तव सम्म हाम्रो भाषा,र सँस्कृतिको अध्ययन सही तरिकाले हुन सक्दैन । यस सन्दर्भमा म सानो उदाहरण दिन चाहान्छु । एक मगर विद्वान जसलाई मगर भाषा राम्ररी आउदैनथ्यो वहाँले मगरहरुले सामूहिक रुपमा गर्ने समिक्षा पूजालाई काडमाण्डौका बुद्धमार्गी नेवारहरुले गर्ने गरेको सम्याक पूजा सँग दाजेर मगरहरु बौद्ध मार्गी भएको कूतर्क पेश गर्नु भएको थियो । तर यथार्थमा *समिक्षा* भनेको मगर भाषामा साझा हो । त्यसैले मगरहरुले गाँउमा सवै मिलेर जुनसुकै देवताको नाममा पुजा गरे पनि त्यसलाई *समिक्षा* पूजा भन्ने गर्दछन् । यस्ता उदाहरण धेरै छन् । यसको साथसाथै मगर सम्बन्धि अध्ययन तर्कपूर्ण, तथ्यपूर्ण र बैज्ञानिक हुनु पर्दछ । यसो भएमा मात्र मगर सम्बन्धि गरिएका अध्ययन बौद्धिक र प्राज्ञिक जगतमा मान्य हुन्छ । तर आज सम्म मगर सम्बन्धि यस्ता अध्ययन हुन सकेको छैन । जति अध्ययन भएकाछन् धेरै जसो विदेशीहरुले गरेकाछन् । त्यसैले सही रुपमा मगर भाषा, सँस्कृति र इतिहांसको अध्ययन गर्नको लागि मगर विद्वानहरुको उत्पादन गर्नु पर्दछ । यसको लागि मगर परिवेशमा जन्मेका र हुर्केका विद्यार्थीहरुलाई भाषा, सँस्कृति, इतिहांस, समाज शास्त्र र मानव शास्त्र जस्ता विषयहरु पढनको लीगि प्रोत्साहन गर्नु पर्दछ । यसको लागि विदेशमा कार्यरत मगर सँघले छात्रबृत्ति कोष स्थापना गरी यस्ता विद्याथीहरुलाई माथि उल्लेखित विषयहरुको अध्ययन गराई मगर भाषा, सँस्कृति, इतिहांस र मगर समाजको वैज्ञानिक अध्ययन गराई यथार्थमा नेपाल मगर सँघको उद्देश्य प्राप्त गर्नको लागि महत्वपूर्ण योगदान गर्न सक्दछ ।

लिसराका नायक श्री रोम थापाको विवाहमा सँजोग लाफा र कविता आले भाउजू सँग भएको भेटघाटको अवसरमा कविता भाउजूले भन्नु भयो–खोइ बाबू, मगर भाषामा ३ वटा सिनेमा त वनाइयो तर समाजलाई खासै दिन सकिएन, के गर्नु धेरै अध्ययन गर्ने मानिसको खाचो पर्दोरहेछ, हामी कलाकारहरुले मात्र दिन सकिदोरहेनछ । त्यसै शिलशिलामा म सँजोग तिर फर्केर भने–मगर सिनेमाहरु मध्ये लङ्बनले जत्ति अरु सिनेमाले मगर सँस्कृतिलाई त्यति झल्काउन सकेको छैन । सँजोगले पनि स्विकारे । विवाहको शिलशिलामा हिड्दा रोमलाई मैले भने–हामीले मगरको विवाह कसरी हुन्छ उदाहरणको रुपमा देखाउनु पर्दछ, आजभोलि ब्राहमण पुरोहितलाई विस्थापित गर्ने नाममा विकृति आइरहेको छ । अ गलत भैरहेको छ भनेर रोमले पनि स्विकारे । तर समस्या भनेको हाम्रो मौलिक सँस्कारको बैज्ञानिक अध्ययन, खोज र त्यस्को डकुमेन्टेशनको कमि अनि मौलिक सँस्कृतिको प्रचारप्रशारको कमि हो । विभिन्न देशमा कार्यरत नेपाल मगर सँघले यसको लागि आवश्यक कोषको स्थापना गरेर यस सन्दर्भमा अध्ययन र अनुसन्धान, र आवश्यक डकुमेनटेशन गर्ने आयोजनाहरुको प्रायोजन गरी नेपाल मगर सँघलाई मौलिक सँस्कार र परम्परालाई मगरहरु विच लगी अधिकाँश मगरहरुमा व्याप्त पुरोहितवादलाई हटाउनको लागि सहयोग गर्न सक्द छ । यसरी विदेशमा खोलिएका मगर सँघले नेपाल मगर सँघ सँग हातेमालो गरेर मगरहरुको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ ।